# कालिका नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ३२ चितवन २०७९ पौष १३ गते

## भाग–२

**नगर स्वयम् सेवक शिक्षक परिचालन कार्यविधि, २०७९**

## कालिका नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### रेडक्रसग्राम, चितवनको सूचना

# नगर स्वयम् सेवक शिक्षक परिचालन कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/९/१२

राजपत्र प्रकाशन मिति : २०७९/९/१३

**प्रस्तावनाः** कालिका नगरपालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थि अनुपात मिलान तथा निरन्तर शिक्षक उपलब्धता गराई विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने उद्देश्यले नगर स्वयम् सेवक शिक्षक व्यवस्थापन तथा परिचालन गर्न वाञ्छनीय भएकोले, कालिका नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७५ को दफा ३ बमोजिम यो कार्यविधि लागु गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम "नगर स्वयम् सेवक शिक्षक परिचालन कार्यविधि, २०७९" रहेको छ।

२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

क) "अनुमति" भन्नाले शिक्षा ऐन, २०७८ तथा शिक्षा नियमावली, २०५९ र कालिका नगरपालिका शिक्षा ऐन, २०७५ अनुसार तोकिएको निकायले दिएको अनुमति वा स्वीकृति सम्झनु पर्छ।

ख) "इकाई" भन्नाले शिक्षा विकास तथा समन्वय इकाई सम्झनु पर्छ।

ग) "ऐन" भन्नाले कालिका नगरपालिका शिक्षा ऐन, २०७५ सम्झनु पर्छ।

घ) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ।

ङ) "दरबन्दी" भन्नाले संघीय सरकारबाट विद्यालयलाई प्राप्त स्वीकृत शिक्षक दरबन्दी सम्झनु पर्छ।

च) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

छ) "विद्यालय" भन्नाले कालिका नगरपालिका भित्रका सामुदायिक विद्यालय सम्झनु पर्छ।

ज) “नगरपालिका” भन्नाले कालिका नगरपालिका रेडक्रसग्राम, चितवनलाई सम्झनु पर्छ।

झ) “नगर स्वयम् सेवक शिक्षक” भन्नाले आधारभूता तथा माध्यमिक तहका विद्यालयमा शिक्षक अभावलाई कम गर्नका लागि परिचालन गरिएको स्वयम् सेवक शिक्षकलाई सम्झनु पर्छ।

ञ) “समिति” भन्नाले दफा ५ बमोजिमको नगर स्वयंसेवक शिक्षक छनौट तथा परिचालन समितिलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## विद्यालय छनौट तथा नगर स्वयम् सेवक शिक्षक वितरण

**३) विद्यालय छनौटका आधारहरु:**

१) नगर स्वयम् सेवक शिक्षक परिचालन गर्नका लागि विद्यालय छनौटका आधार देहाय बमोजिम हुनेछन्स्

क) आधारभूत तहमा कक्षा १-५ र कक्षा १-८ तथा माध्यमिक तहमा कक्षा १-१० अनुमती लिएको हुनुपर्ने,

ख) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन भएको हुनु पर्ने,

ग) विद्यालयले प्रत्येक वर्ष नियमित रुपमा सामाजिक परीक्षण गरेको हुनु पर्ने,

घ) विद्यालयले गत आबको लेखापरीक्षण गरेको हुनु पर्ने,

ङ) विद्यालयले नियमित रुपमा एकीकृत शैक्षिक तथ्याङ्क (EMIS) भरेको हुनु पर्ने,

च) विद्यार्थी चापका कारण आधारभूत तह कक्षा (१-५)मा दरबन्दी न्यून भएको हुनु पर्ने,

छ) आधारभूत तह कक्षा (६-८) तथा माध्यमिक तह (९-१०)मा विषयगत दरबन्दी न्यून भएको हुनु पर्ने,

ज) प्रसुती विदा वा अन्य कारणबाट दरबन्दि रिक्त भएको विद्यालय हुनु पर्ने,

झ) माथिल्लो तह अनुमति प्राप्त गरेको तर दरबन्दी न्यून भएको विद्यालय हुनु पर्ने।

२) उपदफा (१) बमोजिमका आधारमा समितिले स्वयम् सेवक शिक्षक संख्या निर्धारण गर्नेछ।

३) नगरपालिकाले देहायको प्राथमिकताको आधारमा नगर स्वयम् सेवक शिक्षकहरुलाई विद्यालयमा खटाउनेछ;-

क) दुर्गम तथा भौगोलिक क्षेत्रको विद्यालय,

ख) वडागत बजेट साझेधारी भएको विद्यालय,

ग) अन्य संघसंस्थाबाट शिक्षक अनुदान सहयोग प्राप्त नगरेका विद्यालय,

घ) चेपाङ, बोटे, माझी, दराई आदी सिमान्तकृत जातीको बाहुल्यता भएको विद्यालय,

ङ) कक्षा ५, कक्षा ८ र एसाइाइाको नतिजा सुधार गर्नुपर्ने विद्यालय,

च) पूर्ववत रुपमा स्वयम् सेवक कार्यरत रहेको विद्यालय

## परिच्छेद-३

## स्वयम् सेवक शिक्षक सूचीकरण परिचालन तथा सुविधा

**४) नगर स्वयम् सेवक शिक्षक सूचीकरण सम्बन्धी व्यवस्थाः**

१) चितवन जिल्लाबाट प्रकाशन हुने राष्ट्रिय स्तर वा जिल्ला स्तरका पत्रीका वा कार्यालयको सूचनापाटीमा तह, पद, संख्या, आवश्यक न्यूनतम योग्यता, दरखास्त बुझाउने स्थान तथा अन्तिम मिति, अन्तरवार्ता स्थान र मिति आदिको विवरण खुलाई सूचीकरणका लागि १५ दिनको सुचना आह्वान/प्रकाशन गर्नु पर्नेछ।

२) स्वयम् सेवा गर्न इच्छुक दफा ४(५) बमोजिम योग्यता भएको आवेदकले अनुसूची–१ बमोजिमको ढाँचामा कार्यालयमा उपदफा (३) बमोजिमको दस्तुर तिरी आवेदन दिनुपर्नेछ।

३) उपदफा (३) बमोजिम आवेदन गर्दा प्रारम्भिक बालविकास र आधारभुत तह (१–८)को रु.५००.०० (पाँच सय मात्र) , माध्यमिक तहको (९–१०) को रु.७००.०० (सात सय मात्र) आवेदन दस्तुर आवेदकले नगरपालिकामा बुझाउनु पर्नेछ।

४) उपदफा (२) बमोजिमको आवेदकको सूचीकरण दफा ५ बमोजिमको समितिबाट हुनेछ।

**५) नगर स्वयम्सेवक शिक्षक सूचीकरण तथा सिफारिस समिति गठनः**

१) नगर स्वयंसेवक शिक्षक सूचीकरण तथा सिफारिस सम्बन्धी कार्य गर्न देहाय बमोजिमको समिति गठन हुनेछ।

क) शिक्षा शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी - अध्यक्ष

ख) सामाजिक विकास समितिका संयोजकले तोकेको समिति सदस्य एक जना - सदस्य

ग) शिक्षा विकास तथा समन्वय इकाईको प्रतिनिधि - सदस्य

घ) प्रशासन शाखा अधिकृत - सदस्य

ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा अधिकृत वा सहायक कर्मचारी -सदस्य सचिव

२) नगर स्वयम्सेवक शिक्षक सूचीकरण तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) दफा ३(२) बमोजिम स्वयम्सेवक संख्या र दफा ३(३) बमोजिम विद्यालय छनौट गर्ने,

ख) आवश्यकता बमोजिम विषय विज्ञहरु चयन गर्ने,

ग) समष्टिगत मुल्याङ्कन र अन्तरवार्ता मार्फत स्वयम् सेवक सूचीकरण गर्ने,

घ) अन्तरवार्तालाई स्वच्छ, मर्यादित र सुरक्षित वातावरणमा सम्पन गराउन आवश्यक रेखदेख, समन्वय र अनुगमन गर्ने,

ङ) शिक्षण सिकाई उपलब्धिमुलक बनाउन स्वयम् सेवक शिक्षकलाई आवश्यकता अनुसार तालिमको व्यवस्था मिलाउने।

**६) स्वयम् सेवक शिक्षक हुन चाहिने योग्यताः**

१) दफा ४(१) बमोजिम प्रकाशित विज्ञापनमा देहायका व्यक्ति उम्मेदवार हुन पाउने छन्।

क) प्रारम्भिक बालविकास कक्षाका लागि माध्यमिक शिक्षा परीक्षा वा सो सरहको परीक्षा उत्तिर्ण गरेको,

ख) आधारभुत तह (१–८) का लागि सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको। शिक्षा

विषयमा प्रविणता प्रमाणपत्र तह वा कम्तीमा दश महिने तालिम लिएकोलाई प्राथमिकता दिइने।,

ग) माध्यमिक तह (९–१०) का लागि सम्बन्धित विषयमा स्नातकतह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको। शिक्षा विषयमा स्नातक तह वा कम्तीमा दश महिने तालिम लिएकोलाई प्राथमिकता दिइनेर्छे,

घ) नेपाली नागरीक हुनुपर्ने,

ङ) १८ बर्ष उमेर पुगेको र ४० बर्ष उमेर पुरा नभएको,

च) मानसिक सन्तुलन ठीक भएको,

छ) भ्रष्टाचार वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतमा मुद्धा विचाराधिन रहेको वा अदालतबाट कसुरदार नठहरीएको,

ज) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको,

झ) कालिका नगरपालिका भित्र स्थायी रुपमा बसोबास गरेको हुनुपर्नेछ।

**७) नगर स्वयम् सेवक शिक्षकको सेवा शर्त सुविधाः**

१) यस कार्यविधि अनुसार स्वयम् सेवक शिक्षकले देहाय अनुसारको निर्वाह भत्ता सुविधा पाउनेछ।

क) माध्यमिकतह (९–१०) का स्वयम् सेवक शिक्षकलाई मासिक रु. २५०००।– (पचिस हजार),

ख) आधारभुततह (१–८) का स्वयम् सेवक शिक्षकलाई मासकि रु.१५०००।– (पन्ध्र हजार),

ग) प्रारम्भिक बालविकास कक्षाका सहयोगी कार्यकर्तालाई मासिक रु.१००००।– (दश हजार)।

२) करार समझौतामा तोकिए बमोजिमको कार्य अवधि हुनेछ।

३) शिक्षकले चाडपर्व खर्च लगायत अन्य सुविधाहरु पाउने छैन।

४) विद्यालयबाट हाजिरी प्रमाणित भई आए पश्चात कार्यालयले स्वयम् सेवक शिक्षकको बैंक खातामा निर्वाह भत्ता उपलब्ध गराइनेछ।

५) कार्यविधि बमोजिमको स्वयम् सेवक शिक्षक सेवा दिने व्यक्तिले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक विदा बाहेक शिक्षा

नियमावलीमा तोकिए अनुसारको भैपरी र पर्वबिदा मात्र पाउने छ।

६) यस कार्यविधि अनुसार नियुक्ति भएका स्वयम् सेवक शिक्षकले सेवा करारमा उल्लेखित भन्दा थप सुविधा पाउने छैन।

७) माध्यमिक विद्यालयमा कार्यरत लेखापालहरुले माध्यमिक तहको लेखा विषय अध्यापन गरेको विद्यालयबाट प्रमाणित भई वडाबाट समेत सिफारिस भई आएमा निजलाई मासिक रु. ४०००।–स्वयम् सेवक शिक्षकको निर्वाह भत्ता सरह प्रोत्साहन रकम यसै कार्यविधि बमोजिम दिन सकिनेछ।

## ८) स्वयम् सेवक शिक्षक छनौट तथा सूचीकरण सम्बन्धी व्यवस्थाः

१) नगर स्वयम् सेवक शिक्षकको छनौट समष्टिगत योग्याता मुल्याङ्कन र अन्तरवार्ता बाट हुनेछ।

२) उपदफा (१) बमोजिमको समष्टिगत योग्यता मुल्याङ्कनको भार ५० पूर्णाङ्क र अन्तरवार्ताको भार ५० पूर्णाङ्क गरी कुल १०० अङ्क भारमा स्वयम् सेवक छनौट गरिनेछ।

३) समितिले उपदफा (१) बमोजिमको सम्ष्टिगत योग्यता मुल्याङ्कन र अन्तरवार्तको कुल प्राप्ताङ्को आधारमा स्वयम् सेवक शिक्षकको अन्तिम सूचीकरण गरि परिचालनको लागि सामाजिक विकास समितिमा सिफारिस गर्नेछ।

४) सामाजिक विकास समितिले उपदफा (३) बमोजिमको सिफारिस अनुमोदन गरी स्वयम्सेवक परिचालनका लागि नगरपालिकाको शाखामा  पठाउने छ।

५) उपदफा (१) बमोजिम समष्टिगत योग्यता मुल्याङ्कनको आधार देहाय बमोजिम हुनेछः

**क) शैक्षिक योग्यता वापत (१० अङ्क)**

अ) न्यूनतम योग्यता – ७  (प्रथम श्रेणी–७, द्धितिय श्रेणी–५, तृतिय श्रेणी–३)

आ) माथिल्लो योग्यता – ३  (प्रथम श्रेणी–३, द्धितिय श्रेणी–२, तृतिय श्रेणी–१)

**ख) शैक्षिक योग्यताको मुल विषय शिक्षा शास्त्र वा १० महिना तालिम बापत ( १० अङ्क )**

अ) (प्रथम श्रेणी–५, द्धितिय श्रेणी–३, तृतिय श्रेणी–२)

आ) श्रेणी नतोकेको हकमा द्धितीय श्रेणी मानिने छ।

**ग) आवेदकको स्थायी ठेगाना (१० अङ्क)**

अ) विद्यालय रहेको सम्वन्धित वडा (१० अङ्क)

आ) कालिका नगरपालिका (७ अङ्क)

इ) चितवन जिल्ला (५ अङ्क)

ई) चितवन बाहेक अन्य जिल्ला (३ अङ्क)

**घ) सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यापन गरेको अनुभव बापत (१० अङ्क)**

अ) ६ महिना सम्म- २ अङ्क

आ) ६ महिना देखी माथी ५ वर्ष सम्म बार्षिक २ अङ्कका दरले अधिक्तम १० अङ्क

**ङ) सामुदायिक विद्यालयमा हाल स्वयम् सेवकको रूपमा अध्यापन गरिरेहको अनुभव बापत (५ अङ्क)**

अ) कार्यरत रहेको विद्यालय सिफारिस (६ महिना देखी माथी) -५ अङ्क

**च) सम्बन्धित विषयको सम्बन्धित तहको शिक्षक अध्यापन अनुमति पत्र भए-५ अङ्क**

६) उपदफा १ बमोजिम लिइने अन्तर्वार्तामा ७० प्रतिशत भन्दा माथि र ३५ प्रतिशत भन्दा कम अंक दिंदा अनिवार्य कैफियत उल्लेख गर्नुपर्नेछ।

**९) प्रतिक्षा सूची तथा स्वयम् सेवक शिक्षक परिचालन सम्बन्धी व्यवस्थाः**

१) दफा ७(३) बमोजिम सूचीकृत उम्मेदवारहरु समितिको सिफारिसको आधारमा शिक्षा युवा तथा खेलकुद शाखाले उम्मेदवारहरुको रोल नम्बर नाम, थर, ठेगाना आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार अन्तिम नतिजा सूचीकरण गरी प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचीकरण प्रकाशन भएपछि कालिका नगरपालिकाले दफा ३(३) बमोजिम छनौट भएको विद्यालयमा

आवश्यकता अनुसार नगर स्वयम् सेवक शिक्षकलाई योग्यताक्रम अनुरुप नियुक्ति दिई खटाउने छ।

३) नगर स्वयम् सेवक शिक्षक एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुने छैन।

**१०) करार सम्झौता रद्द हुनेः**

१) देहायको अवस्था भएमा विद्यालयको सिफारीसमा नगरपालिकाले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द गर्न सक्नेछ।

क) विना सुचना लगातर १५ दिन विद्यालयमा अनुपस्थित भएमा,

ख) स्वयम् सेवक शिक्षकले राजिनामा दिएमा,

ग) करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा,

घ) शिक्षा नियमावली, २०७९ बमोजिम शिक्षक आचार संहिताको पालना नगरेमा,

ङ) विद्यालयले तोकेको अन्य कार्यहरु सन्तोषजनक रुपमा नगरेमा।

२) उपदफा (१) बमोजिम करार सम्झौता रद्द गर्दा शिक्षकलाई सफाई पेश गर्ने मौका दिइनेछ।

**११) योग्यता क्रम अनुसार नियुक्ति पाउनेः**

१) दफा  बमोजिम नियुक्त स्वयम् सेवक शिक्षकको पद रिक्त भएमा वा एकै आर्थिक वर्षमा थप स्वीकृत भई आएमा प्रतिक्षा सूचीको योग्यताक्रम अनुसार परिचालन गरिनेछ।

**१२) विद्यालयको भूमिकाः**

१) स्वयम् सेवक शिक्षकको लागि छनौट भएका विद्यालयको भूमिका देहाय बमोजिम हुनेछः

क) शिक्षकको लागि थप आचारसंहिता आवश्यक पर्ने भए सोको तयारी गरी विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने,

ख) करार सम्झौता उल्लेख भए अनुसारको सुविधाहरु उपलब्ध गर्ने गराउने,

ग) अनुसूची-२ बमोजिम स्वयम् सेवक शिक्षकसंग सम्झौता गर्ने,

घ) नगर शिक्षा समितिले दिएको निर्देशानुसार कार्य गर्ने।

**१३) प्रतिवेदनः**

१) स्वयम्सेवक शिक्षकले मासिक रूपमा अनुसूची-४ बमोजिमको ढाँचामा नगरपालिका प्रतिवेदन पेश गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिम मासिक प्रतिवेदन र मासिक हाजिरी सम्बन्धित विद्यालयबाट प्राप्त नभएमा निर्वाह भत्ता उपलब्ध हुनेछैन।

**१४) अनुगमनः**

१) शाखा, सामाजिक विकास समिति र नगरपालिकाबाट समय समयमा स्वयम् सवेकहरुको शिक्षण अनुगमन हुनेछ ।

## परिच्छेद- चार

## विविध

**१५) थप सुविधा उपलब्ध गराउन सक्नेः** यस कार्यविधि अनुसार नियुक्त भएका स्वयम् सेवक शिक्षकलाई विद्यालयले आफ्नै स्रोतबाट थप शिक्षण सहजीकरणका आधारमा थप सुविधा उपलब्ध गराउन सक्नेछ।

**१६) स्वयम् सेवक शिक्षकलाई प्रमाणपत्र दिनेः** स्वयम् सेवक शिक्षकलाई दिइने प्रमाणपत्रको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ।

**१७) कार्यविधिको व्याख्या गर्न सक्नेः** कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार कार्यालयको हुनेछ।

**१८) कार्यविधिको निरन्तरताः** आगामी आर्थिक वर्षमा नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा नगर स्वयम् सेवक शिक्षक परिचालन सम्बन्धी कार्यक्रम रहेमा मात्र यस कार्यविधि र स्वयम् सेवकको सूचीकरण तथा परिचालनले निरन्तरता पाउने छ।

**१९) प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका विषयहरु यसै कार्यविधि अनुसार हुने छन् र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**२०) बाझिएमा अमान्य हुनेः** यस कार्यविधि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन बमोजिम हुनेछ।

अनुसूची-१

(दफा ४ को उपदफा (२) सँग सम्वन्धित)

**शिक्षण स्वयम् सेवक शिक्षकको लागि आवेदन फारामको ढाँचा**

(क) उमेद्वारले सेवा गर्न चाहेको स्थानीय तह र विषयको प्राथमिकताक्रम विवरणः

विद्यालय तहः विषयः

१. १. ..............

२. २. .............

३. ३. ...............

(ख) उम्मेद्वारको वैयक्तिक विवरणः

उम्मेद्वारको नाम, थर (देवनागरीमा) (अंग्रेजि ठूलो अक्षरमा)

नागरिकता नं. लिंगः

जारी गर्ने जिल्लाः मितिः

स्थायी ठेगाना (क) जिल्लाः (ख) न.पा./गा.पा.

(ग) वडा नं. (घ) टोलः

(ङ) मार्ग/घर नं. (च) फोन नं.

पत्राचार गर्ने ठेगाना इमेलः

बावुको नाम,थरः आमाको नाम,थरः

बाजेको नाम,थरः पतिरपत्निको नाम,थरः

जन्ममितिः(वि.स.मा) ई.सं.माः हालको उमेर(वर्ष र महिनाः)

(ग) शैक्षिक योग्यता सम्वन्धी विवरणः

विश्वविद्यालयरवोर्डरसंस्था शैक्षिक उपाधि संकाय श्रेणीरप्रतिशत

मूल विषय शैक्षिक योग्यता

उमेद्धारको ल्याप्चे सहिछाप उमेद्धारको दस्तखतः मितिः

दाँयाः बायाः

(घ) संलग्न कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि .

अनुसूची-२

(दफा ११ को उपदफा (२) ग सँग सम्वन्धित)

**स्वयम् सेवक शिक्षकसंग विद्यालयले गर्नुपर्ने सम्झौता पत्रको ढाँचा**

श्री .................. विद्यालय (यसपछि प्रथम पक्ष भनिनेछ) र ..................गा.पा. / न.पा. वडा नं. ..... स्थायि ठेगाना भई हाल ................................ वस्ने श्री ........................................ (यसपछि दोस्रो पक्ष भनिनेछ) विच शिक्षण स्वयम् सेवक शिक्षकको रुपमा मिति.................. देखि मिति ............... सम्म ................विषयमा शिक्षण कार्य गर्न भएको सम्झौता पत्र।

१. प्रथम पक्षले गर्नुपर्ने कार्यहरुः
   - क) शिक्षण स्वयम् सेवक परिचालन कार्यविधि, २०७९ बमोजिम निर्वाह भत्ता वापतको रकम उपलव्ध गराउने।
   - ख) शिक्षण स्वयम् सेवक परिचालन कार्यविधि, २०७९ बमोजिम स्वयम् सेवकले पाउने विदाको सुविधा उपलव्ध गराउने।
   - ग) शिक्षक आचार संहिता पालना गराउने।

२. दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः
   - क) विद्यालयमा नियमित उपस्थित भई विद्यालयको पठनपाठनमा सहभागि हुनु पर्ने।
   - ख) नियमित पठनपाठनका साथै अतिरिक्त क्रियाकलाप लगायत विद्यालयले दिएको अन्य जिम्मेवारी पुरा गर्ने .
   - ग) शिक्षा नियमावली, द्वण्छढ बमोजिम शिक्षक आचार संहिता पालना गर्ने
   - घ) निर्वाह भत्ता वाहेक अन्य कुनै प्रकारको सेवा र सुविधा दावि नगर्ने.

| दोस्रो पक्षको तर्फवाट | प्रथम पक्षको तर्फवाट |
|---|---|
| नामः | नामः |
| ठेगानाः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

| रोहवर | रोहवर |
|---|---|
| नामः | नामः |
| ठेगानाः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

अनुसूची-३
(दफा १२ सँग सम्वन्धित)

## स्वयम् सेवक शिक्षकलाई दिइने प्रमाणपत्रको ढाँचा

कालिका नगरपालिका
रेडक्रसग्राम, चितवन

**प्रमाण-पत्र**

........................ जिल्ला ........................ गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ....... स्थायी ठेगाना भएका श्री ................................................ले ............................. जिल्ला .............................. गा.पा./न.पा./उ.म.न.पा./ म.न.पा. वडा नं. .......... को श्री ............................................................ विद्यालयमा ........................... विषयको लागि शिक्षण कार्य मिति ................. देखि .................... सम्म गर्नु भएकोले शिक्षण स्वयम् सेवक सेवाको उच्च मूल्याङ्कन गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।
भविष्यमा पनि राष्ट्र निर्माणको सन्दर्भमा यहाँको अमुल्य योगदान रहने विश्वास सहित इकाई तपाइको उज्वल भविष्यको कामना गर्दछ।

मितिः ..........................

........................
शिक्षा शाखा प्रमुख

अनुसूची-३

(दफा १३ को उपदफा (१) सँग सम्वन्धित)

**मासिक प्रतिवेदनको ढाँचा**

मितिः....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकारीज्यू,
कालिका नगरपालिका, चितवन

**विषयः मासिक प्रतिवेदन पेश गरेको सम्बन्धमा।**

श्रीमान्, कालिका नगरपालिकाको नगर स्वयम् सेवक शिक्षक परिचालन कार्यविधि, २०७९ को दफा १३ को उपदफा (१) बमोजिमको मासिक प्रतिवेदन देहाय बमोजिम पेश गरेको छु।

| क्षेत्र | वस्तुस्थिति विविरण |
|---|---|
| प्रतिवेदन अविधि | ................महिना |
| विद्यालय उपस्थिति | कुल दिनः....... विद्यालय सञ्चालन दिनः ...... विदाः..... कुल हाजिर दिन |
| शिक्षण जिम्मेवारी | कुन कुन कक्षा र विषय र पिरियढ अध्यापन गर्ने हो खुलाउने |
| प्रतिवेदन अविधिमा लिएका पाठहरू | १ २ ३<br>४ ५ ६ |
| पाठ्य सामाग्री तयारी | कुन विषयको लागि के के पाठ्य सामाग्री तयार गर्नु भयो। |
| विद्यार्थीको सिकाई उपलब्धी कस्तो पाउनु भयो | |
| अनुभवन तथा सिकाई | |

प्रतिवेदकः

स्वयम् सेवकको नामः......................

विद्यालयः.....................................

दस्तखतः .................................          मितिः .................................

**<u>विद्यालयको सिफारिस तथा रायः</u>**

प्रधानाध्यापकको नामः...............................................विद्यालयको छाँप

दस्तखतः ................................मितिः ..........................................

आज्ञाले,

**(केशव प्रसाद उपाध्याय)**

प्रमुख प्रशासकीय अधिकृत